
सार्वजनिक शौचालय
LADIES
LADIES

# खानेपानी तथा सरसफाई सुविधाबाट आएको सुधार

मधु घर्ती भारतीय शहरमा कार्यरत आप्रवासी श्रमिक हुन् । भारतको  कामबाट प्राप्त रकम  चार जनाको  उनको परिवारको आयआर्जनको एक मात्रै उपाय हो । उनी भारत जान र भारतबाट फर्किने क्रममा लागि प्रायः कृष्णनगरको सीमानाकाको प्रयोग गर्छन् । कोभिडको समयमा पनि उनले आउने जाने काम गरिरहेका थिए र स्थल सिमा नाकामा  रहेका सुविधामा आएको सुधारका उनी साक्षी पनि हुन् ।

घर्तीको पछिल्लो अनुभवमा हाल सिमा नाकामा  रहेका सेवाहरूमा उल्लेख्य सुधार भएको छ । उनलाई कर्मचारीहरू हार्दिक र मृदुभाषी लागे, उनको एन्टिजेन परिक्षण पनि निःशुल्क भयो र सिमा नाकामा काम गर्ने खानेपानी तथा सरसफाइको सुविधा थियो ।

उनी यसपटक जब सिमा नाकामा  आइपुगे, खानेपानी र सरसफाईको सुविधा देखेर उनी छक्क परे । त्यहाँ हात धुने सुविधा थियो र उपयुक्त फिल्टर र पानी चिसो बनाउने प्रविधिसहित खानेपानीको व्यवस्था थियो । "मेरो विचारमा अन्य मानिसहरूलाई भन्दा हामीजस्ता विदेशबाट फर्किने हरूका लागि यस्ता सुविधाको महत्व एकदमै धेरै हुन्छ," यस्ता सुविधाको महत्वका बारेमा प्रकाश पार्दै घर्ती आफ्नो विचार सुनाउँछन् ।

घर्तीले खानेपानी र सरसफाईका सुविधाको प्रशंसा गर्दै गर्दा शौचालयको व्यवस्था पनि भए नभएको खोजी गरे । घर्तीका अनुसार, शौचालयको व्यवस्था पनि अनिवार्य रुपमा चाहिने सुविधा हो । तर सिमा नाकामा हात धुने बानीको प्रवर्द्धन यो असल बानीलाई जीवनमा आत्मसात् गने ' विषयमा आफैँमा सकारात्मक खुड्किलो हो । "यी सुविधाहरू भएपछि हाम्रो यात्रा सजिलो हुन्छ । हामीले जेजस्तो अवस्था भए पनि साबुन पानीले हात धुँदै गर्नुपर्छ भन्ने सन्देश पनि दिन्छ," सिमा नाकाुमा घर्तीले सिकेको सन्देश हामीलाई सुनाए ।

सुरक्षित आप्रवासन, पानीजन्य रोग तथा कोभिड–१९ को सङ्क्रमणको रोकथाममा योगदान पुऱ्याउने क्रममा प्रवेश बिन्दुमा भएको स्थापना भएका खानेपानी तथा सरसफाई सुविधाबाट आएको सुधारले महत्वपूर्ण भूमिका खेलेको छ । "यी सुविधा पहिले थिएनन् । यी सुविधाका बारेमा म मेरा साथीहरूलाई सुनाउनेछु," सन्देशलाई अझ व्यापक बनाउने प्रतिबद्धता गर्दै घर्तीले आफ्ना कुरा टुङ्ग्याए ।